**Bachelor of Pharmacy (B. Pharm) कार्यक्रमको लागि प्रवेश परिक्षाको अनलाइन आवेदन फारम भर्ने सम्बन्धी सुचना !!!**

गण्डकी विश्वविद्यालय, गण्डकी प्रदेश, पोखराको Bachelor of Pharmacy (B.Pharm) कार्यक्रममा भर्ना हुनका लागि आवश्यक प्रवेश परीक्षामा आवेदन पेश गर्न आह्वान गरिन्छ। चिकित्सा शिक्षा आयोगले लिने उक्त एकिकृत प्रवेश परीक्षा (Medical Education Common Entrance Examination For Bachelor Level Programme, MECEE-BL 2022) का लागि २०७८ पुस १४ गते बिहान १०:०० बजेदेखि २०७८ माघ २० गते अपरान्ह ५:०० बजेसम्म योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले आयोगको वेबसाइट www.mec.gov.np वा वेबपोर्टल https://entrance.mec.gov.np मार्फत देहायको प्रक्रिया पुरा गरी आवेदन पेश–Online application form submission गर्न सक्नुहुनेछ।।

## (B.Pharm) कार्यक्रममा आवेदन दिने आवश्यक न्युनतम योग्यता :-

B.Pharm का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषयमा अध्ययन गरी प्रवीणता प्रमाण-पत्र अथवा १०+२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरुमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोज विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाण-पत्र/डिप्लोमा (मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) विषयमा समग्रमा न्यूनतम ५० प्रतिशत ल्याई उत्तीर्ण भएको (सम्बन्धित शैक्षिक कार्यक्रममा आवेदन दिनका लागि जस्तै CMLT बाट Bsc MLT, Diploma in Pharmacy बाट B.Pharm) हुनुपर्नेछ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाण-पत्र/डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) मा समग्रमा न्यूनतम ५० प्रतिशत अंङ्क प्राप्त गरी उत्तीर्ण भएको र फिजिक्स, केमेस्ट्री तथा बायोलोजी विषय अध्ययन गरी राष्ट्रिय परीषा बोर्डबाट समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) अंङ्क ल्याई कक्षा १२ विज्ञान समूहको समकक्षता प्राप्त गरेको हुनुपर्नेछ साथै सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्नेछ । (यस समूहका सबै शैक्षिक कार्यक्रममा आवेदन गर्न सक्ने छन्)

**नोटः** आवेदन शुल्क, दखिला गर्ने बैंक, खाता नम्बर, शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरु **https://mec.gov.np/np** मा बिस्तृत रुपमा उल्लेख गरिएको छ ।